





# नेपाल खाद्य सुरक्षा बुलेटिन

## २०७१, अंक ४१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य बुँदाहरु र बर्तमान अवस्थाको संक्षेप

**यस अंकले २०७० मंसिर-फागुन अवधिलाई समेटेको छ, जुन नेपाली आर्थिक वर्ष २०७०/७१ को दोस्रो चौमासिक अवधि हो ।** यो बुलेटिन मुख्यत नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) अन्तर्गत ७५ मध्ये ७२ जिल्लामा भएको जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठकहरु तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली अन्तर्गत राष्ट्रिय रुपमा प्रतिनिधित्व हुने गरी मंसिर-फागुनको अवधिमा गरिएको घरधुरी सर्वेक्षणको नतिजामा आधारित छ ।

यस अवधिमा:

- **देशका अधिकांश भागहरु न्यूनतम खाद्य असुरक्षित अवस्थामा परेका थिए**, यो त्यस्तो अवस्था हो जुन अवस्थामा घरधुरीहरुले जीविकोपार्जनका पद्धतिहरु परिवर्तन नगरिकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरु परिपूर्ती गर्न सक्छन् । तथापि, २०७० साउन-कार्तिक अवधिको तुलनामा यस अवधिमा खाद्य सुरक्षा अवस्था बिग्रिएको छ, त्यस समयमा जुम्लाका ६ गाविसहरु मात्र मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा परेका थिए ।
- **प्राय मध्य र सुदूर पशिचमाञ्चल विकास क्षेत्रमा पर्ने १८४ गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित चरणमा परेका थिए,** यो त्यस्तो अवस्था हो जुन अवस्थामा घरधुरीहरु परम्परागत निर्वाहपद्धतिहरु अपनाएर न्यूनतम खाद्य आवश्यकता पूरा गर्न सक्दछन्, तर केही अत्यावश्यक गैह्र खाद्य खर्चहरु टार्नका लागि भने उनीहरु पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरु नअपनाइकन समस्या टार्न असक्षम हुन्छन् ।
- **कृषिजन्य वस्तुहरुको (पशुपालन सहित) को बेचबिखन, दैनिक ज्यालादारी, र विप्रेषण मुख्य आम्दानीका स्रोतहरु रहे,** जसले घरधुरीको आम्दानीमा क्रमशः २६.६, २४.१, र २०.६ प्रतिशत अंश ओगटेका थिए र घरधुरीको खाद्य सुरक्षा अवस्था सुधारमा योगदान पुऱ्याए । नेपाल राष्ट्र बैंकका अनुसार यस आ. व. को अघिल्लो महिनाहरुको तुलनामा फागुन महिनामा विप्रेषण प्रवाह ३.२ प्रतिशतका दरले घट्यो ।
- यस अवधिमा वर्षे बाली भित्र्याइयो तसर्थ घरधुरीको खाद्य संचिती पनि बढ्यो । **घरधुरीको औसत खाद्य संचिती ३३८ केजि रहेको थियो, जसले औसत घरधुरीको लागि ४.२ महिना सम्मका लागि पर्याप्त हुन्छ ।** NeKSAP घरधुरी सर्वेक्षणका अनुसार, **८०.४ प्रतिशत घरधुरीहरुले पर्याप्त खाद्य उपभोग गरेका थिए ।**
- नेपाल राष्ट्र बैंकका अनुसार, **२०७० फागुनमा वार्षिक उपभोक्ता मूल्य सूचकाङ्ग ८.९ प्रतिशतले बृद्धि भयो,** जुन गत वर्ष सोही अवधिमा १०.२ प्रतिशत थियो । २०७० फागुनमा तरकारीको मूल्य सूचकाङ्ग सबैभन्दा बढी अर्थात १३.९ प्रतिशतले बृद्धि भयो जुन गत वर्ष सोही समयमा ९.४ प्रतिशत थियो ।

फागुन महिना सामान्यतया कृषि उत्पादन रित्त हुने समय हो र यस समयमा विशेष गरी पहाडी तथा हिमाली क्षेत्रमा खाद्य सुरक्षाको अवस्था बिग्रने गर्दछ । यस अनुमगन अवधिलाई समान्यतया घरधुरीको वर्षे बालीबाट प्राप्त खाद्य संचिती रित्तिदै जाने र हिउँदे बाली भित्र्याई नसकेको समयको रुपमा लिन सकिन्छ । मध्य चैत्र-मध्य बैशाख अवधिमा हिउँदे बाली भित्र्याउन सुरु भए पश्चात खाद्य सुरक्षा अवस्थामा सुधारको अपेक्षा गर्न सकिन्छ ।

## हालको खाद्य सुरक्षा अवस्था र पूर्वानुमान

| खाद्य सुरक्षा समूह (Cluster) | हालको अवधि: २०७० मंसिर-फागुन | अघिल्लो अवधिको तुलनामा परिवर्तन | पूर्वानुमान: २०७० चैत्र-२०७१ असार |
|---|---|---|---|
| कर्णाली | ● | ↓ | ↑ |
| सुदूरपश्चिमी पहाडी तथा हिमाली क्षेत्र | ● | ↓ | ↑ |
| राप्ती-भेरी पहाडी क्षेत्र | ● | ↑ | → |
| पश्चिमी तराई | ● | → | → |
| मध्य र पूर्वी तराई | ● | → | ↓ |
| पश्चिमी पहाडी तथा हिमाली क्षेत्र | ● | → | → |
| मध्य पहाडी तथा हिमाली क्षेत्र | ● | → | → |
| पूर्वी पहाडी तथा हिमाली क्षेत्र | ● | ↑ | ↓ |

- न्यूनतम खाद्य असुरक्षित
- मध्यमस्तरीय खाद्य असुरक्षित
- उच्चतम खाद्य असुरक्षित
- गम्भिर खाद्य असुरक्षित
- मानवीय आपतकालीन अवस्था

**परिवर्तन/पूर्वानुमान**

- ↓ बिग्रने
- → यथावत रहने
- ↑ सुधार हुने

यस अवधिमा समग्र खाद्य सुरक्षा अवस्था बिग्रिएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार विशेष गरी मध्य तथा सुदर पशिचमाञ्चल विकास क्षेत्रका १७९ गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा (चरण २) मा परेका थिए । यो अवस्था मुख्यत हिउँदे कृषि उत्पादन रित्त हुने समयको यथार्थ झलक हो । संखुवासभाका पाँच गाविसहरुको अवस्था पनि उस्तै भएको पाइयो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले देशका बाँकी भागहरु भने न्यूनतम खाद्य असुरक्षित अवस्थामा (चरण १) वर्गिकृत गरेका छन् । यो मुख्यत वर्षे बालीको बाँकी खाद्य संचिती, बजारको सुचारु सञ्चालन, र कृषि क्षेत्र, गैर काष्ठ वन पैदावार, दैनिक ज्यालादारीबाट भएको आम्दानी र विप्रेषणले गर्दा भएको हो ।

२०७० चैत्र-२०७१ असार अवधिमा खाद्य सुरक्षाको अवस्था यथावत रहन सक्ने अनुमान छ । यस अवधिमा १६९ गाविसहरु (पूर्वाञ्चल विकास क्षेत्रका १४९ गाविसहरु र मध्य पश्चिम्माञ्चल विकास क्षेत्रका २० गाविसहरु) मध्यमस्तरीय खाद्य असुरक्षित चरणमा पर्ने प्रक्षेपण छ । हाल मध्यमस्तरीय खाद्य असुरक्षित चरणमा रहेका बाजुराका ४ गाविसहरुमा अवस्था बिग्रिएर उच्चतम खाद्य असुरक्षा तर्फ जान सक्ने हुनाले निकट अनुगमन जरुरी छ ।

नेपाल खाद्य सुरक्षा बुलेटिन कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा अनुगमन इकाई र विश्व खाद्य कार्यक्रम, खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाईको संयुक्त तत्वावधानमा प्रकाशित हुन्छ ।

WFP
wfp.org

## नक्सा १: खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा, मंसिर-फागुन, २०७०

स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालहरु




*खाद्य सुरक्षा नक्साहरु NeKSAP को वेबसाइटमा उपलब्ध छन्:* www.neksap.org.np/food-security-phase-classification-maps

# नेपाल खाद्य सुरक्षा बुलेटिन - अंक ४१

*खाद्य सुरक्षा परिणाम*

## खाद्य असुरक्षाको व्यापकता

यस अनुगमन अवधिमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले प्राय मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका १८४ गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा (चरण २) परेको रिपोर्ट गरेका छन् । यी गाविसहरु निम्न जिल्लाहरुमा रहेका थिए: अछाम (१८), बाजुरा (१४), डोटी (११), बैतडी (१५), दार्चुला (२५), बझाङ (३१), जुम्ला (६), मुगु (१२), डोल्पा (७), हुम्ला (१७), रुकुम (७), जाजरकोट (१२), दैलेख (४), र संखुवासभा (५) । यसका साथै, धादिङको दक्षिणी भेगका १२ गाविसका केही वडाहरुको अवस्था पनि उस्तै नैं रहेको पाइयो । यी क्षेत्रहरुको भौगोलीक वर्गिकरणका लागि **नक्सा १** मा हेर्न सकिन्छ ।

मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा यो अवधि कृषि उत्पादन रिक्त हुने समय हो अतः हालको अवस्थाले यही तथ्यलाई प्रतिबिम्बित गर्दछ । यो समय भनेको वर्षे बालीबाट प्राप्त घरधुरीको खाद्य संचिती रित्तिएको र हिउँदे बाली भित्र्याउन बाँकी भएको अवस्था हो । मध्यमस्तरीय खाद्य असुरक्षामा परेका प्राय गाविसहरु दुर्गम क्षेत्रमा पर्दछन् जहाँ यस अवधिमा ज्यालादारी रोजगारीका अवसरहरु सीमित हुनाका साथै कृषि क्षेत्रबाट पनि न्यून आम्दानी भएको र विप्रेषणको प्रवाह समेत कम भएको थियो । यी क्षेत्रका प्रभावित घरधुरीहरुले पैसा सापटी गर्ने, उधारो गर्ने, खानाको परिमाण र पटक घटाउने, र कम रुचीकर खाना खाने जस्ता निर्वाहपद्धतिहरु अपनाएको रिपोर्ट छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार देशका बाँकी भागहरु न्यूनतम खाद्य असुरक्षित अवस्थामा (चरण १) रहे । यी क्षेत्रमा घरधुरीहरुले सानो स्तरका तनावहरुमा विद्यमान सामाजिक, प्राकृतिक तथा आर्थिक स्रोत मार्फत गुजारा गर्न सक्दछन् । यी क्षेत्रहरुमा वर्षे बालीको उत्पादनबाट मौज्दात रहेको खाद्य संचिती, बजार को सुचारु संचालन, र दैनिक ज्यालादारी, कृषि तथा पशुजन्य उत्पादन, गैर काष्ठ वन पैदावार मार्फत प्राप्त आम्दानी, र विप्रेषणले खाद्य उपलब्धता र पहुँचमा यो

## घरधुरीको खाद्यान्न उपभोग*

**चित्र १** मा गत अनुगमन अवधि र यस अवधिमा घरधुरीको खाद्य उपभोग पर्याप्तता सम्बन्धि नतिजाहरु प्रस्तुत गरिएको छ जुन NeKSAP द्वारा गरिएको घरधुरी सर्वेक्षणमा आधारित छ । २०७० मंसिर-फागुन अवधिमा सर्वेक्षणमा परेका १९.६ प्रतिशत घरधुरीहरुले अपर्याप्त खाद्यान्न उपभोग गरेको पाइयो, जुन २०७० साउन-कार्तिक अवधिको तुलनामा बिग्रिएको अवस्था हो, जुन समयमा १५.९ प्रतिशत घरधुरीहरुले अपर्याप्त खाद्यबस्तु उपभोग गरेको पाइएको थियो ।

**चित्र २** मा यस अवधिमा भौगोलिक क्षेत्रका आधारमा घरधुरीको खाद्यबस्तु उपभोगमा भएको भिन्नता प्रस्तुत गरिएको छः राष्ट्रिय औसत, पहाड र तराइको तुलनामा हिमाली क्षेत्रमा ठूलो अनुपातमा (३९.२ प्रतिशत) घरधुरीहरुले अपर्याप्त खाद्यबस्तु उपभोग गर्ने गरेको पाइएको छ ।




चित्र १: तथ्याङ्क संकलनको आधारमा घरधुरीहरुको खाद्य उपभोग
(स्रोत: NeKSAP घरधुरी सर्वेक्षण)




चित्र २: भौगोलिक क्षेत्रका आधारमा घरधुरीहरुको खाद्य उपभोग, साउन-मंसिर २०७०
(स्रोत: NeKSAP घरधुरी सर्वेक्षण)

## जीविकोपार्जन




चित्र ३: स्रोतका आधारमा घरधुरीको आम्दानीको अंश, मंसिर-फागुन २०७०
(स्रोत: NeKSAP घरधुरी सर्वेक्षण)

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, यस अवधिमा देशभर अधिकांश घरधुरीहरुले जीविकोपार्जनका परम्परागत पद्धतिहरु अपनाए; अपवादस्वरुप मध्यमस्तरीय खाद्य असुरक्षित गाविसहरुमा जहाँ खानाको परिमाण र पटक घटाउने, कम रुचीकर खाना खाने, र खाद्य तथा गैह्र खाद्य बस्तु उधारो गर्ने खालका परम्परागत निर्वाहपद्धतिहरु अपनाइएको रिपोर्ट छ ।

**चित्र ३** मा NeKSAP घरधुरी सर्वेक्षणका आधारमा घरधुरीको आम्दानीमा विभिन्न स्रोतको अंश प्रस्तुत गरिएको छ । जस अन्तर्गत कृषिजन्य बस्तु (पशुपक्षी लगायत) को बेचबिखन, दैनिक ज्यालादारी, र विप्रेषणले घरधुरीको आम्दानीको ठूलो अंश क्रमश २६.६, २४.१, र २०.६ प्रतिशत ओगटेको पाइयो ।

NeKSAP घरधुरी सर्वेक्षणका अनुसार २०७० साउन-कार्तिक अवधिको तुलनामा यस अवधिमा घरधुरीको आम्दानीमा कृषि जन्य उत्पादनको अंश २.८ प्रतिशतले घट्यो भने विप्रेषणको अंश ३.३ प्रतिशतले बृद्धि भयो । अन्य स्रोतहरुको अंश भने यथावत रह्यो । जीविकोपार्जनको विविधता जुन जोखिमता र/वा त्यसलाई सामना गर्न सक्ने क्षमता सम्बन्धि सूचक हो, पूर्व अनुगमन अवधिको तुलनामा उल्लेख्य परिवर्तन भएन । अतः बहुसंख्यक (४६ प्रतिशत) घरधुरीहरुको एक मात्र आम्दानीको स्रोत भएको पाइयो ।

** अपर्याप्त र पर्याप्त खाद्य उपभोग गर्ने घरधुरीहरुको वर्गिकरण खाद्य उपभोग अंक (Food Consumption Score) मा आधारीत छ । खाद्य उपभोग अंक, खासगरी ८ मुख्य खाद्य समूह उपभोगको आधारमा घर धुरीको आहारको विविधता र खाद्य उपभोगको नियमितताको मापन गर्ने एक मिश्रित सूचक (Composite Indicator) हो । यस अनुसार ३५ वा सो भन्दा कम अंक प्राप्त गर्ने घरधुरी अपर्याप्त खाद्य उपभोग गर्ने मानिन्छ भने ३५ भन्दा माथि अंक प्राप्त गर्ने घरधुरीहरु पर्याप्त खाद्यान्न उपभोग गर्नेहरुमा पर्दछन् । थप जानकारीका लागि निम्न विद्युतिय ठेगानामा हेर्न सकिनेछ:*
http://documents.wfp.org/stellent/groups/public/documents/manual_guide_proced/wfp197216.pdf



# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४१

## *खाद्य उपलब्धता र पहुँच*



**उपलब्धता:** यस अवधिमा वर्षे बाली (मकै, धान र कोदो) भित्र्याउने र हिउँदे बाली (गहुँ र जौ) लगाउने काम भयो । २०७० को वर्षे बाली (धान, मकै, कोदो, र फापर) को उत्पादन ७६ लाख ७० हजार मेट भएको अभिलेख छ, जुन गत वर्षको तुलनामा १२.१० प्रतिशतको र पाँच वर्षको औसत वा "सामान्य" भन्दा ११.९० प्रतिशतको बृद्धि हो । वर्षे बाली भित्र्याइएसंगै यस अवधिमा घरधुरीहरुको खाद्य संचिती बढेको छ । NeKSAP घरधुरी सर्वेक्षणका अनुसार, घरधुरीको औसत अन्न संचिती ३३८ केजि छ, जुन औसत घरधुरीका लागि ४.२ महिना सम्मका लागि पर्याप्त हुन्छ ।
हिउँदे बालीको सन्दर्भमा, **नक्सा २** मा देखाए जस्तै, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार जाजरकोट, दैलेख, सुर्खेत, बाजुरा, र बैतडीका केही गाविसहरु वाहेक प्राय क्षेत्रहरुमा बालीको हुर्कने क्रम राम्रो भएको रिपोर्ट छ । यी क्षेत्रमा असिनापातका कारण गहुँको उत्पादनमा ह्रास आउने अनुमान छ ।



नक्सा २: बालीको नक्सा (गहुँ) । (स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जालहरु)

नेपाल सरकार र विकास साझेदारहरुले देशका विभिन्न भागहरुमा खाद्य सहयोग (सुपथ मूल्यमा वा खाद्यान्न) उपलब्ध गराउछन् । नेपाल खाद्य संस्थानले विशेष गरी दुर्गम क्षेत्रहरुमा सुपथ मूल्यमा चामल आपूर्ति गर्दछ । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, नेपाल खाद्य संस्थानले यस अवधिमा निम्न स्थानहरुमा निम्न परिमाणमा चामल उपलब्ध गरायो: सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्रमा १,३३७ मेट, मध्य पश्चिमी पहाडी तथा हिमाली क्षेत्र (कर्णाली लगायत) २,१३८ मेट, पूर्वी पहाडी तथा हिमाली क्षेत्रमा २६४ मेट, र पश्चिमी पहाडी तथा हिमाली क्षेत्रमा २८० मेट ।

**घरधुरीको आम्दानी:** नेपाल राष्ट्र बैंकका अनुसार यस आर्थिक वर्ष २०७०/७१ को पहिलो ८ महिनाको अवधिमा ३ खर्ब ५६ अर्ब ७२ करोड रुपैया (३.५९ बिलियन अमेरिकि डलर) विप्रेषण प्रवाह भएको रिपोर्ट छ [1] । पहिलो चार महिनाको अवधि (२०७० साउन-कार्तिक) मा १ खर्ब ७८ अर्ब ८९ करोड रुपैया (१.८ बिलियन अमेरिकि डलर) प्रवाह भएको हुनाले दोस्रो चौमासीकमा (मंसिर-फागुन २०७०) १ खर्ब ७७ अर्ब ८३ करोड रुपैया (१.७९ बिलियन अमेरिकि डलर) विप्रेषण प्रवाह भएको अनुमान छ । नेपाल राष्ट्र बैंकका अनुसार, आ. व. को अघिल्लो महिनाहरुको तुलनामा २०७० फागुनमा विप्रेषण प्रवाह ३.२ प्रतिशतका दरले घट्यो । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, पूर्वी तराइ र पश्चिमी पहाडी तथा हिमाली क्षेत्रहरु सबैभन्दा बढी विप्रेषण प्राप्त गर्ने क्षेत्रहरुमा पर्दछन् ।

यस अवधिमा कृषि र पशुजन्य बस्तुहरुबाट हुने आम्दानी पनि उच्च रह्यो; विशेष गरी मध्य तराइ (४१ अर्ब रुपैया), पूर्वी पहाडी तथा हिमाली क्षेत्र (१३ अर्ब रुपैया), पूर्वी तराइ (१२ अर्ब), र पश्चिमी पहाडी तथा हिमाली क्षेत्र (१० अर्ब) । घरधुरीको आम्दानीमा योगदान पुऱ्याउने कृषिजन्य बस्तुहरुमा पशुजन्य उत्पादन, हिउँदे तरकारी, अदुवा, र सुन्तला जातका फलफुलहरु पर्दछन् । यस अवधिमा ज्यालादारी रोजगारी र गैह्र काष्ठ वन पैदावारले पनि घरधुरीको आम्दानीमा योगदान पुऱ्यायो । यद्यपि, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले गैर काष्ठ वन पैदावारबाट भने कम आम्दानी भएको रिपोर्ट गरे ।

**खाद्यान्न मूल्य र बजारहरु: चित्र ४** मा प्रस्तुत गरिए अनुसार वार्षिक उपभोक्ता मूल्य सूचकाङ्क [Consumer Price Index (CPI)] २०७० फागुनमा गत वर्ष सोही समयको १०.२ प्रतिशतको तुलनामा ८.९ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको सूचकाङ्क गत वर्ष सोही समयको १०.८ प्रतिशतको तुलनामा ११.३ प्रतिशतले बृद्धि भयो । तरकारीको सूचकाङ्क २०७० फागुनमा १३.९ प्रतिशतका साथमा सबैभन्दा उच्चदरमा बृद्धि भयो जुन गत वर्ष सोही समयमा ९.४ प्रतिशत थियो । **चित्र नं. ५** मा २०७० मध्य मंसिर- मध्य चैत्र अवधिमा भएको मुख्य खाद्य बस्तुहरु र आलुको खुद्रा मूल्यलाई अघिल्लो वर्ष सोही अवधिको मूल्य र २०७० मध्य साउन- मध्य मंसिर अवधिको मूल्य संग तुलना गरिएको छ । २०६९ मध्य मंसिर-मध्य चैत्र अवधिको तुलनामा मोटा चामल, गहुँको पिठो र रातो आलुको मूल्य क्रमश: १०.०, १०.१ र ११.३ प्रतिशतले बृद्धि भयो ।




चित्र ४: वार्षिक स्फीतिदर (स्रोत: नेपाल राष्ट्र बैंक)




चित्र ५: मुख्य खाद्य बस्तुहरु र आलुको खुद्रा मूल्य (स्रोत: कृषि विकास मन्त्रालय)

**ज्यालादारी रोजगारहरुको खाद्यान्न क्रयशक्ति: तालिका १** मा २०७० मंसिर-फागुन अवधिमा भौगोलिक क्षेत्रका आधारमा विद्यमान ज्यालादारी रोजगारहरुको औसत ज्याला र मोटा चामलको औसत मूल्य प्रस्तुत गरिएको छ । यी दुई सूचकहरु एक बस्तु वा सेवाको अर्को बस्तु वा सेवासंगको सापेक्षिक मूल्य अर्थात Terms of Trade (TOT) मापन गर्न प्रयोग गरिन्छ जुन घरधुरीको क्रयशक्तिको सूचक पनि हो । हिमाली क्षेत्रमा उच्च ज्यालादरको वाबजूद त्यहाँको मजदूरहरुको क्रयशक्ति पहाडी र तराइ क्षेत्रको तुलनामा कम छ । उदाहरणका लागि, यस अवधिमा हिमाली क्षेत्रका उपभोक्ताहरुले मोटा चामलका लागि पहाडी क्षेत्र र तराईका उपभोक्ताहरुले भन्दा क्रमश: ३८.८ प्रतिशत र ५८.१ प्रतिशत बढी मूल्य तिर्नु पर्‍यो । औसतमा एक दिनको ज्यालाले हिमाली , पहाडी र तराइ क्षेत्रमा क्रमश: ७.१ केजि, ९.३ केजि, र ९.४ केजि मोटा चामल खरीद गर्न सकिन्छ ।

तालिका १: अन्नको कारोबारको सन्दर्भमा ज्याला (TOT)
(स्रोत: NeKSAP बजार सर्वेक्षण)

| भौगोलिक क्षेत्र | जिल्लाका आधारमा ज्यालादर (नेरु/दिन) | मोटा चामलको मूल्य (नेरु/केजी) | (TOT) |
|---|---|---|---|
| हिमाल | ३८७ | ५४.८ | ७.१ |
| पहाड | ३६९ | ३९.५ | ९.३ |
| तराइ | ३२५ | ३४.७ | ९.४ |
| औसत | ३६१ | ४३.० | ८.४ |

[1] नेपाल राष्ट्र बैंक, नेपालको हालको समग्र आर्थिक अवस्था (२०७०/७१ को ८ महिनाको तथ्याङ्कको आधारमा) ।

# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४१

## *उपयोग, स्थिरता र खाद्य सुरक्षा पूर्वानुमान*



**उपयोग:** जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, यस अवधिमा खाद्य उपभोगलाई प्रभाव पार्ने खालका स्वास्थ्य र सरसफाइका उल्लेख्य समस्याहरु देखा परेनन् । NeKSAP घरधुरी सर्वेक्षणले पनि यस कुरालाई प्रमाणित गरेको छ जस अनुसार सर्वेक्षणमा परेका (कुल २९८) बालबालिकाहरु मध्ये ३.७ प्रतिशतलाई झाडापखाला लागेको रिपोर्ट छ । यसका साथै, २.९ प्रतिशत पाँच वर्ष मुनिका बालबालिकाहरुको माथिल्लो पाखुराको बिच भागको गोलाई (MUAC) १२.५ सेमि भन्दा कम भएको पाइयो । MUAC मृत्युदरको जोखिम आकलन गर्ने र पोषणको अवस्थाको मापन गर्ने एक सूचक हो र यो विशेष पोषण कार्यक्रमहरुमा जाँच र छनौट विधी/सामग्रीका रुपमा प्रयोग गरिन्छ ।

खुला दिसा मुक्त क्षेत्र घोषीत जिल्ला र गाविसहरुको संख्यामा बृद्धि भएको छ, जुन सामुदायीक सरसफाइको एक सूचक हो । २०७१ जेठ महिना सम्ममा १३ जिल्लाहरु खुला दिसा मुक्त क्षेत्र घोषित भएका छन् । **चित्र ६** मा देखाए अनुसार पश्चिमी पहाडी तथा हिमाली क्षेत्र र कर्णालीका धेरै गाविसहरु (६० प्रतिशत भन्दा बढी) खुला दिसा मुक्त क्षेत्र घोषित भएका छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, यस अवधिको अन्त्य सम्ममा १,२८३ गाविसहरु (नेपालका सम्पूर्ण गाविसहरु को ३५ प्रतिशत; गत अनुगमन अवधिमा ८ प्रतिशतले बृद्धि ) खुला दिसा मुक्त क्षेत्र घोषित भएका छन् ।

**स्थिरता:** जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार, यस अवधिमा खाद्य सुरक्षा अवस्थामा प्रभाव पार्ने खालका प्रकोपका उल्लेख्य घटनाहरु भएनन् ।

पूर्वाञ्चल विकास क्षेत्रका, सिरहा, सप्तरी, इलाम, पाँचथर, तेह्रथुम, र संखुवासभा जिल्लाहरुमा वाहेक अन्य क्षेत्रमा सामान्य वर्षा भयो (**नक्सा ३**) । अर्को तर्फ, जाजरकोट, दैलेख, सुर्खेत, बाजुरा, र बैतडीका केही गाविसहरुमा असिनापातले हिउँदे बाली (गहुँ र जौ) मा क्षती पुर्‍यायो । यसैगरी, तराईका केही जिल्लाहरु (सिरहा र सप्तरी) मा सित लहरका कारण विशेष गरी आलु बाली प्रभावित भयो ।

सुदूर तथा मध्य पश्चिमी हिमाली क्षेत्रमा बेलाबखत हुने हिमपातले सडक अवरुद्ध भएतापनि सडक सञ्जाल सुचारु रहेको र खाद्य बस्तुहरुको आपूर्ति सामान्य रहेको रिपोर्ट छ ।

NeKSAP घरधुरी सर्वेक्षणले यस अवधिमा न्यून तहको संकटहरु देखा परेको पुष्टि गरेको छ: सर्वेक्षणमा परेका मध्ये ८.७ प्रतिशत घरधुरीहरुले संकट अनुभव गरे जस मध्ये ५० प्रतिशत भन्दा बढी घरधुरीहरुले मानव रोग व्याधी मुख्य संकटका स्रोतका रुपमा रिपोर्ट गरेका छन् ।




चित्र ६: क्लस्रका आधारमा खुला दिसा मुक्त क्षेत्र घोषित गाविसहरुको प्रतिशत, मंसिर २०७० (स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जाल)




नक्सा ३: वर्षाको अवस्था (स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जाल)

## पूर्वानुमान (२०७० चैत्र देखि २०७१ असार सम्म)

आउँदो चार महिनामा हिउँदे बाली (गहुँ र जौं) भिञ्याइने छ र वर्षे बाली (मकै र धान) उम्रिने क्रममा हुनेछन् । बाजुरा, बैतडी, दैलेख, जाजरकोट, सिरहा, र सप्तरीका केही क्षेत्र वाहेक अन्य भागमा हिउँदे बालीको उत्पादन सामान्य हुने अनुमान छ । यद्यपि, धेरै जसो पहाडी तथा हिमाली जिल्लाहरुमा हिउँदे बालीले समग्र खाद्यान्न आपूर्तिमा न्यून अंश ओगट्ने र यस समयमा वर्षे बालीबाट प्राप्त घरधुरीहरुको खाद्य संचिती कम हुदै जानेछ । अधिकांश खेती योग्य जमिन अन्नबालीले ओगट्ने हुनाले तरकारीबाट हुने आम्दानी पनि सापेक्षिक रुपमा कम हुने अनुमान छ । यसका साथै, मनसुनी वर्षायाम सुरु भएपश्चात आपूर्तिमा बाधाहरु र यसैसंग सम्बन्धित मूल्य बृद्धि हुने सम्भावना छ । यी सबै पक्षहरुको समग्र प्रभाव १६९ गाविसहरुमा देखिने छ, जुन गाविसहरु २०७० चैत्र-२०७१ असार अवधिमा खाद्य असुरक्षित (चरण २ वा सो भन्दा बिग्रदो) अवस्थामा पर्ने अनुमान छ ।

**पूर्वी पहाडी तथा हिमाली क्षेत्र:** यस क्लस्टरमा गत अनुगमन अवधिको (२०७० मंसिर-फागुन) तुलनामा समग्र खाद्य सुरक्षा अवस्था बिग्रने अनुमान छ । यस क्लस्टरका ५१६ मध्ये ६० गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित चरणमा पर्ने अनुमान छ: खोटाङमा २१, भोजपुरमा १२, ताप्लेजुङमा १२, पाँचथरमा ८ र तेह्रथुममा ७ । प्राय यी गाविसहरु उच्च हिमाली सुक्खा क्षेत्रमा पर्दछन् जहाँ अन्न बाली उत्पादन न्यून हुने र विशेष गरी गहुँको उत्पादन एकदमै कम हुने गर्दछ । यस अवधिमा अन्य कृषिजन्य उत्पादनबाट हुने आम्दानी पनि कम हुनेछ । खोटाङ र भोजपुरमा बेलि पुल (bailey bridge) बन्द भए पश्चात बजारको पहुँचमा समस्या हुने र मूल्यमा बृद्धि हुने सम्भावना छ ।

**पूर्वी तराइ:** यस क्लस्टरमा पनि गत अनुगमन अवधिको तुलनामा खाद्य सुरक्षा अवस्था बिग्रने अनुमान छ । यहाँका कुल ३९१ मध्ये ८९ गाविसहरु (सप्तरीमा ५८ र सिरहामा ३१) मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा पर्ने अनुमान छ । यी गाविसहरु सुक्खा क्षेत्रमा पर्दछन् जहाँ सुक्खाका कारण धान बाली उत्पादनमा (२५-४० प्रतिशत) ह्रास आएको थियो । यी क्षेत्रहरुमा गहुँको उत्पादन पनि कम हुने गर्दछ । यसका साथै, सीत लहरका कारण आलुको उत्पादनमा पनि गिरावट आएको थियो ।

**कर्णाली:** कर्णालीमा २०७० साउन-कार्तिक अवधिमा जुम्लाका ६ गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा परेका थिए भने २०७० मंसिर-फागुन अवधिमा मध्यमस्तरीय खाद्य असुरक्षित गाविसहरुको संख्यामा बृद्धि भएर ४२ पुग्यो । यी ४२ गाविसहरु मध्ये १९ गाविहसरु (मुगुमा १२ र डोल्पामा ७) यथावत अर्थात मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा रहने अनुमान छ । यस अवधिमा जौ बाली भिञ्याइने भएतापनि कम क्षेत्रफलमा मात्र बाली लगाइएको हुनाले स्थानीय खाद्यान्न आपूर्तिमा यसको योगदान न्यून हुनेछ । मुगुमा बिमानस्थल तीन महिनाका लागि बन्द हुने अनुमान छ अत: जिल्लामा खाद्य बस्तुहरुको आपूर्तिमा बाधा पुग्ने सम्भावना छ ।

**सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्र:** समग्रमा यस क्लस्टरमा खाद्य सुरक्षा अवस्थामा सुधार आउने अनुमान छ । तथापी, २०७० मंसिर-फागुन अवधिमा मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा परेका बाजुराका चार गाविसहरु (काँडा, जयवागेश्वरी, दोगडी, र गुदुखाँती) भने २०७० चैत्र-२०७१ असार अवधिमा उच्चतम खाद्य असुरक्षित अवस्था तर्फ जाने अनुमान छ ।

देशका बाँकी भागहरु न्यूनतम खाद्य असुरक्षित अवस्थामा रहने अनुमान छ । मनसुनी वर्षायामका कारण सडक अवरोध र स्थानीय रुपमा प्रकृतिक प्रकोपका घटनाहरु घट्ने सम्भावना भएतापनि ठूला प्रकोपका घटनाहरु नभएमा खाद्य सुरक्षा अवस्थामा यसको प्रभाव न्यून र क्षणीक रहने अनुमान छ ।

# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४१

*जानकारी एवं जिल्लाका सूचना र सम्पर्क*

## जानकारी

- **NeKSAP क्षेत्रीय आवधिक बैठक:** कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको संयुक्त तत्वावधानमा २०७० जेठ २-६ र असार ६-७ अवधिमा हरेक विकास क्षेत्रमा NeKSAP क्षेत्रीय आवधिक बैठक सञ्चालन भयो । आवधिक बैठकमा जिल्ला कृषि विकास कार्यालयहरुका खाद्य सुरक्षा सम्पर्क अधिकारीहरुले सम्बन्धित जिल्लाको २०७० मंसिर-फागुन अवधिको खाद्य सुरक्षा अवस्था र आउँदो चौमासिक अवधिको पूर्वानुमान प्रस्तुत गर्नुभयो । क्षेत्रीय कृषि निर्देशकहरुले पनि सम्बन्धित क्षेत्रको समग्र खाद्य सुरक्षा अवस्था, समस्या, र चुनौतीहरुको जानकारी गराउनु भयो ।

- **NeKSAP सुचना व्यवस्थापन** (NeKSAPInfo) **संस्थापन:** NeKSAPInfo, NeKSAP को सूचना व्यवस्थापन प्रणाली संस्थापन कार्य २०७० मंसिरमा सम्पन्न भयो । यसको लगत्तै विश्व खाद्य कार्यक्रमले जिल्लामा कार्यरत NeKSAP कर्मचारी र जिल्ला कृषि विकास कार्यालयका खाद्य सुरक्षा सम्पर्क अधिकारीहरुलाई क्रमबद्ध रुपमा तालिम सञ्चालन गऱ्यो । NeKSAPInfo सम्बन्धि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम २०७१ सम्म सञ्चालन हुनेछ ।

- **खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण:** कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले खाद्य सुरक्षा सूचना र तथ्यहरुलाई सरकारको योजना र निर्णय प्रक्रियासंग आवद्ध गर्नका लागि खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधि (Food Security Response Analysis) को विकास गरेका छन् । केही जिल्लामा यस विधिको प्रारम्भिक परिक्षण पश्चात २०७१/७२ मा देशव्यापी रुपमा यस नमूनालाई संस्थापन गर्ने योजना छ । यहि सन्दर्भमा, कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले मकवानपुर जिल्लामा २०७० फागुन ४-६ मा प्रशिक्षक प्रशिक्षण तालीम सञ्चालन गरे । यसको लगत्तै, सहभागीहरुले जिल्ला खाद्य सुरक्षा सञ्जाल सदस्यहरुका साथमा जिल्ला स्तरमा तीन जिल्लाहरु: कालीकोट (२०७० फागुन ११-१४), मकवानपुर (२०७० फागुन २८-चैत्र १), र बारा (२०७० चैत्र ११-१४) मा यस विधिको स्थलगत परिक्षणमा सहजीकरण गर्नुभयो । स्थलगत परिक्षणको सम्पूरकका रुपमा प्रारम्भिक नतिजाहरु आदानप्रदान र यस नमूना तथा प्रक्रियाका बारेमा पृष्ठपोषणका लागि खोटाङमा परामर्श बैठकको आयोजना गरियो । स्थलगत परिक्षणलाई सरोकारवालाहरुले सकारात्मक रुपमा लिनुभयो जसको फलस्वरुप जिल्ला खाद्य सुरक्षा सञ्जाल सदस्यहरुले कालीकोट र मकवानपुरमा खाद्य सुरक्षा प्रतिकार्य योजना तयार पार्नुभयो । कालीकोटमा जिल्ला परिषदले एक वर्षे कार्यक्रम कार्यान्वयनका लागि खाद्य सुरक्षा प्रतिकार्यको खेस्रा योजनाको अनुमोदन गऱ्यो भने मकवानपुर र बाराका जिल्ला परिषदहरुले समग्र खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियालाई अनुमोदन गऱ्यो ।

- **हिउँदे बाली अध्ययन:** कृषि विकास मन्त्रालय, विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि संगठनले २०७०/७१ को हिउँदे बालीको उत्पादन र सो संग सम्बन्धित अवसर र चुनौतीहरुका साथै २०७१ को वर्षे बालीको पूर्वानुमान अध्ययनका लागि २०७१ बैशाख महिनामा बालीको अवस्था अध्ययन सञ्चालन गऱ्यो । पाँच स्थलगत भ्रमण टोलीले देशको पाँच विकास क्षेत्र र तीन भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी १५ जिल्लाहरुमा स्थलगत भ्रमण गऱ्यो । स्थलगत भ्रमण टोलीले जिल्ला स्तरका सरोकारवालाहरु संग अन्तरक्रिया गर्नुका साथै विभिन्न क्षेत्रमा बाली कटानी सर्वेक्षणको अवलोकन गऱ्यो । बाली अध्ययनको नतिजाहरु बालीको अवस्था जानकारीमा प्रकाशित गरिनेछ ।

- **NeKSAP कार्यविधि:** खाद्य सुरक्षा अनुगमनलाई मुख्यधारमा ल्याउने र NeKSAP लाई नेपाल सरकारको संरचनामा संस्थागत गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले NeKSAP कार्यविधि (Procedural Guidelines) तयार पारे । तयारी प्रक्रियाका रुपमा २०७० चैत्र १-६ मा जुम्ला, दैलेख र कपिलबस्तुमा सरोकारवालाहरुको परामर्श बैठकको आयोजना गरियो । जिल्ला स्तरीय परामर्श बैठकहरुको सिलसिला मन्त्रालयस्तर र राष्ट्रिय स्तरको परामर्शमा पुगि सम्पन्न हुनेछन् र तत्पश्चात NeKSAP को कार्यविधि अनुमोदनका लागि मन्त्रिमण्डलमा पेश गरिनेछ ।

## जिल्ला खाद्य सुरक्षा जानकारी

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले हाल नेपालभर ७२ जिल्लाहरुको नियमित अनुगमन गर्दछ । अनुगमनबाट प्राप्त यिनै सूचनाहरुले यस बुलेटिनको लागि सूचना सामग्री जुटाउँदछ । हरेक जिल्लाको पूर्ण खाद्य सुरक्षा बुलेटिन अनुरोध भएमा अंग्रेजी र नेपालीमा उपलब्ध गराइनेछ ।

**समूह १. कर्णाली**

डोल्पा
हुम्ला
जुम्ला
कालिकोट
मुगु

**समूह २. सुदूरपश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**

अछाम
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
दार्चुला
डोटी

**समूह ३. राप्ती- भेरी पहाडी जिल्लाहरु**

दैलेख
जाजरकोट
प्यूठान
रोल्पा
रुकुम
सल्यान
सुर्खेत

**समूह ४. पश्चिमी तराई**

कञ्चनपुर
कैलाली
बर्दिया
बाँके
दाङ
कपिलबस्तु
रुपन्देही

**समूह ५. मध्य तथा पूर्वी तराइ**

नवलपरासी
चितवन
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सप्तरी
सिरहा
सुनसरी
मोरङ
झापा

**समूह ६. पश्चिमीपहाडी तथा हिमाली जिल्लाहरु**

गोरखा
लम्जुङ
तनहु
अर्घाखाँची
गुल्मि
पाल्पा
स्याङ्जा
पर्वत
बाग्लुङ
म्याग्दी
मुस्ताङ
मनाङ
कास्की

**समूह ७. मध्यपहाडी तथा हिमाली जिल्लाहरु**

सिन्धुली
रामेछाप
दोलखा
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
नुवाकोट
रसुवा
मकवानपुर
धादिङ्ग

**समूह ८. पुर्वीपहाडी तथा हिमाली जिल्लाहरु**

ताप्लेजुङ
पाँचथर
संखुवासभा
इलाम
ओखलढुङ्गा
खोटाङ
धनकुटा
उदयपुर
सोलुखुम्बु
भोजपुर
तेह्रथुम

## थप जानकारीका लागि सम्पर्क:


| | | |
|---|---|---|
| खाद्य सुरक्षा अनुगमन इकाई | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय | खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई |
| कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग | संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम |
| सिंह दरबार, काठमाडौं | सिंह दरबार, काठमाडौं | पो. ब. नं. १०७, चाकुपाट, पाटनढोका, ललितपुर |
| www.moad.gov.np | www.npc.gov.np/new/eng/index.php | www.wfp.org/countries/nepal |

**NeKSAP website:** www.neksap.org.np

**NeKSAP email:** info@neksap.org.np



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ।
यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन युनियनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन।